नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-

च. नं.:-

## प्रेस विज्ञप्ति

राजस्व संकलनको वर्तमान अवस्था र राजस्व चुहावट नियन्त्रणका सम्वन्धमा माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री र माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्री सहितको उपस्थितिमा केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको बैठक आज अर्थ मन्त्रालयमा आयोजना गरियो। बैठकमा राजस्व संकलनमा देखिएको चुनौती, चोरी पैठारी नियन्त्रणमा भएका प्रयासहरुका विषयमा छलफल र समीक्षा गरियो । कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर, अर्थ सचिव, गृह सचिव, राजस्व सचिव, सुरक्षा निकायका प्रमुख, राजस्व प्रशासन सम्बद्ध विभागका महानिर्देशकहरु लगायतको उपस्थिति रहेको थियो ।

उक्त अवसरमा माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलज्यूले राजस्व संकलनका हिसाबले हामी अत्यन्तै चुनौतीपूर्ण घडीमा रहेको हुँदा सबैले आ-आफ्नो जिम्मेवारी अनुरुपको कार्य इमान्दारीतापूर्वक सम्पादन गर्दै राजस्व संकलनमा देखिएको न्यूनतालाई पूर्ति गर्न सबै प्रकारका राजस्व चुहावट नियन्त्रणका लागि अधिकतम् प्रयास गर्न निर्देशन दिनुभयो । राजस्व संकलनमा आजैका मितिबाट सुधार आउनुपर्ने बताउँदै यसका लागि राजनैतिक नेतृत्वबाट आवश्यक पर्ने सबै किसिमको सहयोग उपलब्ध हुने बताउनुभयो ।

बैठकमा उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेज्यूले राजस्व संकलनमा देखिएको अन्तर पूर्ति गर्न सीमा नाकामा हुने राजस्व चुहावट नियन्त्रण गर्ने कार्यमा गृह प्रशासनको सक्रियतामा कुनै कमी नहुने बताउँदै सुरक्षा निकायका प्रमुखहरुलाई आजैबाट कार्ययोजना बनाएर कार्य गर्न निर्देशन दिनु भयो । उहाँले कर्मचारीहरुलाई कुनै राजनैतिक दबाब र प्रभावमा नपरी ढुक्कसँग उच्च मनोबलका साथ कार्य गर्न निर्देशन दिनुभयो ।

आनन्द काफ्ले
प्रवक्ता/सहसचिव

मिति : २०७९।९।१३